# नेपाल नागरिक उड्डयन प्राधिकरणको अत्यन्त जरुरी सूचना

नेपालभर COVID-19 को संक्रमण फैलने सम्भावना देखिएकोले नेपाल सरकारले संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरी सोको रोकथाम तथा निर्मूल गर्न मिति २०७६।१२।११ देखि २०७६।१२।१८ सम्मको लागि जारी गरेको आदेशको सन्दर्भमा यस प्राधिकरण प्रधान कार्यालय तथा मातहतका कार्यालय एवम् कर्मचारीहरुले देहाय बमोजिम गर्नहुन निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ :

<u>त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल तथा आन्तरिक विमानस्थलहरु</u>

१. यस अवधिमा सम्पूर्ण व्यावसायिक उडानहरुमा रोक लगाइएको हुँदा केही अत्यावश्यक उडानहरु मात्र हुन सक्ने भएकोले विमानस्थल प्रमुखले विमानस्थल संचालनसँग सम्बन्धित ड्यूटीमा आवश्यक पर्ने न्यूनतम जनशक्ति परिचालन गरी अन्य कर्मचारीलाई आवश्यक परेको बखत उपलब्ध हुने गरी विदा दिने व्यवस्था मिलाउने ।

२. विमानस्थल संचालनका लागि अत्यावश्यक यन्त्र उपकरण चुस्त दुरुस्त अवस्थामा राखी निर्वाध रुपमा संचालन हुने व्यवस्था मिलाउने ।

<u>प्रधान कार्यालय/नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान/आयोजनाहरु</u>

१. हवाई सेवा निर्देशनालयका उपमहानिर्देशकले यस अवधिमा आन्तरिक विमानस्थलहरुमा हुन सक्ने अत्यावश्यक उडानलाई दृष्टिगत गरी विमानस्थल संचालनका अत्यावश्यक यन्त्र उपकरण निर्वाध रुपमा संचालन हुने व्यवस्था मिलाउने ।

२. उड्डयन सुरक्षा तथा हवाई सुरक्षा नियमन निर्देशनालयका उपमहानिर्देशकले यस अवधिमा हुन सक्ने अत्यावश्यक उडानलाई सम्बद्ध निकायहरुसँग समुचित समन्वय गरी सहज रुपमा संचालन हुने व्यवस्था मिलाउने ।

३. उपमहानिर्देशक तथा विभागीय प्रमुखहरुले मातहतका विभाग तथा महाशाखा प्रमुख मार्फत सम्बद्ध विभाग तथा महाशाखासँग सम्बन्धित कार्यहरु घरमै रही सम्पादन गर्ने व्यवस्था मिलाउने ।

४. वायुसेवा कम्पनी वा अन्य निकायसँग सम्पर्क समन्वय तथा निर्णय निकासा दिने काम प्राधिकरणले उपलब्ध गराएको कार्यालयको E-mail ID मार्फत गर्न सकिने ।

५. सबै कार्यालय प्रम्खले कार्यालयको सुरक्षाका लागि खटिने सुरक्षाकर्मीको समुचित परिचालन गरी सुरक्षा प्रबन्ध मिलाउने ।

<u>सबै कर्मचारीहरु</u>

१. सबै कर्मचारीहरु निरन्तर मोबाइल सम्पर्कमा रही तालुक पदाधिकारीहरुबाट प्राप्त निर्देशनको परिपालना गर्ने ।

२. कार्यालयमा ड्यूटीमा खटिने कर्मचारीले COVID-19 को संक्रमणबाट जोगिन नेपाल सरकार, स्वाश्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी भएका सुरक्षात्मक उपायहरुको अवलम्बन गर्ने ।

३. घरमै रहने कर्मचारीहरु औषधी उपचार, खाद्यबस्तु खरिद जस्ता अत्यावश्यक काममा बाहेक घरबाट बाहिर ननिस्कने र सुरक्षित तवरले बस्ने ।

विनोद प्रसाद न्यौपाने<br>
निर्देशक, प्रशासन विभाग